# षडानन्द नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# प्रदेश नं. १, भोजपुर

मितिः२०७५/०३/२१

सफलताको कथा

## षडानन्द बहुमुखि क्यामप्समा E-Library स्थापना


प्रस्तुतकर्ताः-

ई. प्रेम विक्रम सिं वस्नेत

सूचना प्रविधी अधिकृत

**पृष्टभूमिः**

बिद्यालयहरुमा पुस्तकालय विद्यार्थिहरुको लागि एक ज्ञान आर्जन गर्ने महत्वपुर्ण थलोको रुपमा रहि आएको छ।पुस्तकहरु पुस्तकालयमा सिमित मात्रामा हुने तथा Online बाट एउटै पुस्तक धेरै व्याक्तिले पढ्न मिल्ने भएकोले E- Library को लोकप्रियता बढ्दै गएको छ। ई-पाठ साझा शिक्षा ई–पाटीद्वारा नेपाल सरकारको शिक्षा विभागसँग सहकार्यमा निर्माण गरिएको हो|

ई-पाठ डिजिटल शैक्षिक सामाग्रीको सङ्ग्रह संग्रह हो| साझा शिक्षा ई–पाटीले हाल सम्म कक्षा २ देखि ८ का भन्दा बढी राष्ट्रिय पाठ्यक्रममा आधारित अन्तरक्रियात्मक शैक्षिक सामाग्रीहरू नेपालमै तयार गरिसकेको छ| साझा शिक्षा ई–पाटीद्वारा निर्मित सबै डिजिटल सामग्रीहरु निःशुल्क उपलब्ध छन्।

ई-पाठमा भएका प्रत्येक पाठ र अभ्यास पाठ्यक्रम विकास केन्द्र (सी.डी.सी) द्वारा स्वीकृत गरिएको छ।

**विगतको अवस्था** :षडानन्द नगरपालिकाको कुनै पनि स्थान मा E-Library स्थापन नभएको र बिद्यार्थीहरुले पर्याप्त मात्रामा अध्ययन गर्नको निम्ति Matarials हरुको कमि रहेको कारणले बिधार्थिलाई पठनपाठनमा समस्या रहेको थियो।

**बिगतका अवस्थालाई परिवर्तन गर्न गरिएका प्रयासहरु/कार्यहरु** :

E-Library स्थापन हुनु अगाडि पुस्तकालयमा विविध क्षेत्रका पुस्तकहरु ल्याउने र विधार्थीहरुको ज्ञान अभिवृदिको लागि Academic र Non- Academic दुवै क्षेत्रको पाठ्यसामाग्री क्याम्पसमा उपलब्ध गराउने प्रयास बिभीन्न क्षेत्रवाट गरिएको थियो।

**हालको अवस्थाः**

मिति २०७५ साल बैशाख २० का दिनबाट श्री षडानन्द बहुमुखी क्याम्पस र मुलपानी सामुदायिक सिकाइ केन्द्रकाे सहकार्यमा ओले Ole नेपाल साझा शिक्षा इ पाटीले विकास गरेको ई-पुस्तकालय सर्भर जडान गर्न सक्षम भएको छ। मुलपानी बाल पुस्तकालय योजना गत भन्दा अघिल्लो आ.व.मा दिने जिल्ला विकास समिति भोजपुरबाट रु ५००००। विनियोजन गरी दिएकोमा पूर्व जिल्ला विकास समिति हाल जिल्ला समन्वय समिति भोजपुरलाई धन्यवाद । यस योजनाको लागि डेल सिस्टम सर्भरको भ्याट सहित ४१००० हजार ओले नेपाल साझा शिक्षा इपाटी सर्भर इन्टल ५०००। र ८ पोर्ट स्वीच १३००। राउटर ३०००। जिल्ला विकास समिति बाट निकासा ४७०००। भएको थियो । षडानन्द नगरपालिकाका सुचना प्रविधि अधिकृत श्री प्रेमविक्रम सिं बस्नेत को सहयोगमा सर्भर इन्स्टल गर्न सफल भएको छ। यो सर्भरबाट मोवाइल ल्यापटप डेस्कटप कम्प्युटरमा समेत इ पुस्तकालय चलाउन सकिने छ ।

**<u>निस्कर्ष (स्थानीय तथा राष्ट्रिय बिकासमा परेका प्रवाभ सहितको )</u> :**

यस पुस्तकालयमा हाललाई करिव ७ हजार पुस्तक ८ हजार खान एकेडेमीका शैक्षिक भिडियो इ-पाठ रहेका छन् । यी सामग्रीहरु निशुल्क डाउनलोड गर्न र सेभ गरेर पछि प्रयोग गर्न र प्रिन्ट समेत गर्न सकिन्छ। यस पुस्तकालयमा विधार्थी लगायत सर्बसाधारण नागरिकले पनि साधारण सदस्यता लिएर यस पुस्तकालयको उच्चतम उपयोग गर्न सकिनेभएकोले तथा ई-पाठ बाट डाउनलोड गरेर मोबाईल, ट्याव, ल्यापटप जस्ता उपकरणमा जुनसुकै वेला पढ्न सकिने भएकोले नगरको युवा-युवतीहरुको पठनपाठनमा अभिरुचि बढ्नुको साथै नगरमा शैक्षिक क्षेत्रको विकाशको निम्ति सकरात्मक भुमिका खेल्दै आएको छ।




Fig(1): स्मार्टफोनमा ई-पुस्तकालय को सामाग्रीगरु पढ्न र डाउनलोड गर्न समेत सकिन्छ।







Fig(1): ई-पुस्तकालय मा रहेका केहि पाठ्यसामाग्रिहरु




Fig(३): क्याम्पसमा जडित ई-पुस्तकालय सर्भर, स्विच र राउटरको तस्विर।



Fig(1): ई-पुस्तकालय मा अध्ययनरत विद्यार्थी।